प्रमाणित
०८३।२।४

<u>मिति २०८३/२/४ गतेको ९२ औं नगरकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु</u>

<u>प्रस्तावहरु:</u>

१. अघिल्लो बैठकका निर्णय कार्यान्वयनको अवस्था सम्बन्धमा।

२. क्रसर उद्योग सञ्चालन रोक लगाउने सम्बन्धमा ।

३. सार्वजनिक जग्गा अतिक्रमण हटाउने सम्बन्धमा ।

४. विविध

<u>निर्णयहरु:</u>

<u>निर्णय नं.१</u>

नगर कार्यपालिकाको अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था बारे समीक्षा गरियो।

<u>निर्णय नं.२</u>

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ४३४४, मिति २०८३/१/२४ को **"नदीजन्य तथा खानी जन्य पदार्थको सदुपयोग"** विषयक पत्रबाट लेखी आएको विषयमा छलफल गरियो। साथै जिल्ला समन्वय समितिको कार्यालयको च.नं. २९९, मिति २०८३/०१/३१ को पत्रबाट नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिको मिति २०८३/१/३१ गतेको बैठकले लमजुङ जिल्लामा अनुमति लिनुपर्ने निकायमा दर्ता अनुमति नभएका तथा प्रचलित कानूनमा तोकिएको मापदण्ड पूरा नगरी सञ्चालनमा रहेका क्रसर उद्योग सञ्चालनमा रोक लगाउने निर्णय गरेकोले सो निर्णय कार्यान्वयनका लागि लेखी आएको। जिल्ला समन्वय समितिको उक्त पत्रबाट लेखी आएको विषय सम्बन्धमा सम्बन्धित व्यवसायीलाई पत्राचार गरी कार्यान्वयन गर्ने।

<u>निर्णय नं.३ :</u>

यस नगरपालिकाबाट अतिक्रमित सार्वजनिक जग्गा खाली गर्ने तथा सार्वजनिक जग्गामा अनधिकृत रुपमा बनाइएका घर टहरा १५ दिन भित्र आफैले हटाउनुहुन भनी मिति २०८३।०१।२१ मा सार्वजनिक सूचना प्रकाशन गरिएकोमा हालसम्म पनि अतिक्रमित सार्वजनिक जग्गा खाली गरेको एवम् त्यस्ता घर/टहरा/संरचना हटाएको जानकारी प्राप्त नभएको।

यस नगरपालिकाको वडा नं. ६, धमिलीकुवामा सार्वजनिक जग्गा अतिक्रमण गरी उपभोग गरेको पहिचान भएका, साविकमा सम्मानित अदालतहरुमा गई अदालती प्रकृया टुङ्गिएका १० जना व्यक्तिहरुले सार्वजनिक जग्गामा संरचनाहरु बनाइ भोगचलन गर्दै आएको घर/टहरा/संरचना ७ (सात) दिन भित्र खाली गर्ने सूचना पूनः दिई खाली गराइ नगरपालिकाको नियन्त्रणमा लिने।

साथै जिल्ला प्रशासन कार्यालय लमजुङको च.नं.प्रशासन/३१९७, मिति २०८३।०१।२३ को **सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण सम्बन्धमा** बिषयक पत्रबाट अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गाको पहिचान गरी उक्त जग्गामा रहेको अतिक्रमण हटाउने योजना तयार गरी पठाउनु लेखी आएको सन्दर्भमा माथि उल्लेखि

खड्ग बहादुर गुरुङ
नगर प्रमुख

भएका वडा नं. ६ का ती अतिक्रमण बाहेक यस नगरपालिका भित्र अन्यत्र समेत रहेका त्यस्तो प्रकृतिका सार्वजनिक जग्गा तथा संरचना पहिचान गर्ने कार्यलाई निरन्तरता दिने। पहिचान सम्पन्न भए पछि ती अतिक्रमण हटाउने योजना बनाइ जिल्ला प्रशासन कार्यालय लमजुङमा पठाउने। अतिक्रमण भएको जग्गा पहिचान कार्यको लागि नगरपालिकासँग प्रयाप्त जनशक्ति नभएकोले १ जना अमिन दैनिक ज्यालादारीमा लिई कार्यान्वन गर्ने।

**निर्णय नं ०४: (विविध)**

(क) नगरपालिका वडा नं ६, कृषि हाटबजार स्याउली सार्वजनिक शौचालय निर्माणको लागि यस आ.ब.मा विनियोजित बजेट रु ३ लाख अपुग हुने भएकोले शौचालय सम्पन्न गर्ने गरी लागत अनुमान तयार गरी कार्यान्वयन गर्ने। अपुग हुने बजेट व्यवस्थापनको लागि आगामी नगर सभामा प्रस्ताव गर्ने।

(ख) "सार्वजनिक शौचालय प्यारजुङ-१० खेल मैदान, विपि स्मृति भवन नजिक-९" सार्वजनिक शौचालय निर्माणको लागि एक मुष्ठ रु ८ लाख विनियोजन भएकोमा प्यारजुङ-१० खेल मैदानमा रु. ४ लाख र विपि स्मृति भवन नजिक-९ रु. ४ लाखमा सार्वजनिक शौचालय निर्माण कार्यान्वयन भई रहेकोलाई अनुमोदन गर्ने ।

(ग) वडा नं ४ स्थित ल्याण्ड फिल्ड पार्क व्यबस्थापन गर्नका लागि देहायको समिति गठन गर्ने। सो समितिले फोहरमैला व्यवस्थापनको लागि तत्काल गर्नु पर्ने आवश्यक कार्यहरु सम्पादन गर्ने। पूर्वाधार विकास शाखाले आवश्यक व्यवस्थापकीय सहयोग गर्ने।

समितिः<br>
संयोजकः वडा नं ६ वडा अध्यक्ष श्री गोविन्द चिलुवाल<br>
सदस्यः वडा नं १ वडा अध्यक्ष श्री बिष्णु पौडेल<br>
सदस्यः वडा नं ५ वडा अध्यक्ष श्री शंख बहादुर सार्की<br>
सदस्यः वडा नं ३ वडा अध्यक्ष श्री देउ बहादुर पौडेल<br>
सदस्यः कार्यपालिका सदस्य श्री दिल माया गुरुङ<br>
सदस्यः कार्यपालिका सदस्य श्री विमला कुमाल<br>
सदस्यः कार्यपालिका सदस्य श्री विन्दु वि.क.

(घ) उपभोक्ता समितिबाट सञ्चालित/निर्माणाधीन योजनाहरुको म्याद जेठ मसान्तसम्मको लागि थप गर्ने।

(ङ) नगरपालिकाको वडा नं. ४ मा रहेको ल्याण्ड फिल्ड पार्कमा विगत देखि थुपारिएको कबाडी सामग्रीहरु राजश्व परामर्श समितिको सिफारिस समेतका आधारमा रु १५ हजार मूल्य निर्धारण गरी बिक्री गर्ने ।

(च) राइनास नगरपालिका वडा नं ८ निवासी दत्ते सार्कीको छोरा राम बहादुर सार्कीलाई कार्डियोइम्बीलिक स्टोक रोगको उपचारको लागि रु ९०००/- नौ हजार, राइनास नगरपालिका वडा नं. १ निवासी माया देवी अधिकारीको सिम खेतमा बाढीको कारण पसेको गेग्रान हटाउनको लागि रु ७०००/- सात हजार र राइनास नगरपालिका वडा नं. ८ निवासी परशुराम गन्धर्वको उपचारको लागि रु ७०००/- सात हजार आर्थिक सहायता उपलब्ध गराउने।

आज मिति २०८३ जेठ महिना ४ गते सोमबारका दिन राइनास नगरकार्यपालिकाको कार्यालयको हलमा नगर प्रमुख श्री खड्ग बहादुर गुरुङज्यूको अध्यक्षतामा तपसिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थितिमा नगरकार्यपालिकाको ९२ औं नियमित बैठक बसी निम्नानुसार निर्णय भयो।

उपस्थिति :

| दस्तखत | नाम थर | पद |
|---|---|---|
| | नगर प्रमुख श्री खड्ग बहादुर गुरुङ | अध्यक्ष |
| | नगर उप प्रमुख श्री पुष्पराज खनाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१ श्री विष्णु प्रसाद पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.२ श्री लक्ष्मण शाही | सदस्य |
| | वडा अध्यक्ष वडा नं.३ श्री देउ बहादुर पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.४ श्री बलराम पराजुली | सदस्य |
| | वडा अध्यक्ष वडा नं.५ श्री शङ्ख बहादुर सार्की | सदस्य |
| | वडा अध्यक्ष वडा नं.६ श्री गोविन्द चिलुवाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.७ श्री मोहनलाल श्रेष्ठ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.८ श्री कृष्ण बहादुर रानाभाट | सदस्य |
| | वडा अध्यक्ष वडा नं.९ श्री लुविन्द्र गुरुङ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१० श्री लक्ष्मण गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री नानुमाया लामा | सदस्य |
| | कार्यपालिका सदस्य श्री सोचना लौडारी | सदस्य |
| | कार्यपालिका सदस्य श्री कल्पना सुनार | सदस्य |
| | कार्यपालिका सदस्य श्री दिलमाया गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री चन्द्रावती पन्थी | सदस्य |
| | कार्यपालिका सदस्य श्री सुक बहादुर वि.क. | सदस्य |
| | कार्यपालिका सदस्य श्री विन्दु वि.क. | सदस्य |
| | कार्यपालिका सदस्य श्री विमला कुमाल | सदस्य |
| | प्रमुख प्रशासकीय अधिकृत श्री शिबराज रेग्मी | सचिव |
| | आमन्त्रित /अन्य उपस्थिति : | |
| | प्रशासकीय अधिकृत विमला वाग्ले | बैठक व्यवस्थापक |
| | गिरिश रिसाल, इन्जिनियर | |
| | इनाम बहादुर पराजुली | |
| | | |
| | | |